गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

☎: ०६१-५३५०९५
📠: ०६१-५३५०८४

पत्र संख्या : २०८१/०८२
चलानी नं. : ९५२

मिति : २०८१/०८/१३

विषय : अस्पताल परिसर भित्र सञ्चालित साझा फार्मेसी सम्बन्धमा।

श्री स्वास्थ्य निर्देशनालय,
श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र,
श्री प्रदेश जनस्वास्थ्य प्रयोगशाला,
श्री स्वास्थ्य तालिम केन्द्र,
श्री संक्रामक तथा सरूवा रोग अस्पताल,
श्री क्षयरोग उपचार केन्द्र,
श्री अस्पतालहरू (११ वटै),
श्री स्वास्थ्य कार्यालयहरू (११ वटै),
श्री आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरू (११ वटै),
गण्डकी प्रदेश।

प्रस्तुत विषयमा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २९ को उपदफा ४, अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ र सम्मानीत सर्वोच्च अदालतको रिट नं. ०७१-wo-०९६१ को परमादेश समेतको आधारमा गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतका विभिन्न अस्पतालहरू र साझा स्वास्थ्य सेवा बीच सम्झौता भई सञ्चालित साझा फार्मेसीहरू सञ्चालनका सम्बन्धमा सम्झौताको मिति समाप्त भएको खण्डमा पुनः सम्झौता वा नवीकरण नगर्ने, सम्झौता अवधि बाँकी रहेको भए सो अवधि सकिएपछि पुनः सम्झौता वा नवीकरण नगर्ने र अस्पताल परिसरभित्र अस्पतालको आफ्नै फार्मेसी मात्र सञ्चालन गरी बिरामीहरुका लागि आवश्यक औषधीहरु अस्पतालको फार्मेसीबाटै उपलब्ध हुने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन गर्ने भनी यस मन्त्रालयको मिति २०८१/०८/१२ (माननीय मन्त्रीस्तर) को निर्णयानुसार आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ।

(डा. रमेश कुमार के.सी.)
प्रमुख
चिकित्सा सेवा महाशाखा

सादर अवगतार्थः

श्री मा. मन्त्रीज्यूको निजि सचिवालय, स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश।

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश।